# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, कार्तिक १३ गते, २०८२ साल (संख्या ०८

## भाग २

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

### गण्डकी प्रदेश निजामती सेवा (तेस्रो संशोधन) नियमावली, २०८२

गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १३३ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "गण्डकी प्रदेश निजामती सेवा (तेस्रो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ४३ मा संशोधनः**
गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ४३ को,-

(१) उपनियम (१) को खण्ड (क) पछाडि रहेको प्रतिवन्धात्मक वाक्यांशको सट्टामा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छः-

"तर, आर्थिक वर्ष २०८२/८३ को हकमा कार्तिक मसान्तभित्र मन्त्रालयले सरुवा गर्नेछ।"

(२) उपनियम (१) को खण्ड (ख) मा रहेको प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छः-

"तर, कुनै कार्यालयमा रिक्त हुन गएको पदमा तोकिएको समय तालिका बाहेकको समयमा सरुवा गर्नु परेमा मन्त्रालयको सहमति लिई सरुवा गर्न सकिनेछ । साथै, आर्थिक वर्ष २०८२/८३ को हकमा मंसिर १ गतेदेखि मंसिर १५ सम्म अन्य मन्त्रालयले सरुवा गर्न सक्नेछ ।"

आज्ञाले,
रामजी दनाई
प्रदेश सरकारको सचिव

मुद्रक : गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु १०।-